# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः२ संख्याः १, मितिः२०८२/०५/०३ गते

**भाग-२**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# कञ्चन गाउँपालिकाको सेवा करारमा अमिन छनोट सम्बन्धी मापदण्ड

*कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०४/२९*

**प्रस्तावना :**

गाउँपालिकामा रिक्त रहेको अमिन पदमा करार सेवामा पदपूर्तिका लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम छनोट प्रक्रियालाई पारदर्शी, मितव्ययी, योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि कञ्चन गाउँपालिकाले सेवा करारमा अमिन पदपूर्ति गर्न वाञ्छनीय भएकोले यो मापदण्ड तयार गरिएको छ ।

## परिच्छेद : १

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस मापदण्डको नाम "कञ्चन गाउँपालिको सेवा करारमा अमिन छनोट सम्बन्धी मापदण्ड, २०८२ रहेको छ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मापदण्ड" भन्नाले कञ्चन गाउँपालिकाको सेवा करारमा अमिन छनोट सम्बन्धी मापदण्ड, २०८२ भन्ने बुझ्नुपर्छ ।

(ख) "समिति" समिति भन्नाले छनोट समितिलाई सम्झनु पर्नेछ ।

(ग) "कार्यपालिका" भन्नाले कञ्चन गाउँकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

(घ) "परीक्षा" भन्नाले प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन, प्रयोगात्मक र अन्तर्वार्ता समेतलाई बुझ्नुपर्नेछ ।

३. **परीक्षाको किसिम** : (१) परीक्षाको किसिम देहाय बमोजिम हुनेछ ।

क. प्रारम्भिक योग्यताक्रम

ख. प्रयोगातमक

ग. अन्तर्वार्ता परीक्षा

४. **पूर्णाङ्क निर्धारण सम्बन्धमा** : (१) सूचनाको मिति समाप्त भएपश्चात आवेदकले पेश गरेका कागजपत्रहरू रुजु गरी परीक्षार्थीहरुको सुचि प्रकाशन गर्नुपर्ने छ ।

(२) प्रारम्भिक योग्यताक्रममा निम्न कुराहरूलाई आधार मान्नु पर्नेछ ।

**निम्न**

**१. बसोवासको हकमा (बढीमा १० अंक)**

क. कञ्चन गाउँपालिकाको स्थायी बासिन्दाको हकमा जम्मा १० अंक
ख. रूपन्देही जिल्लाको हकमा ७ अंक
ग. लुम्बिनी प्रदेशको हकमा ६ अंक
घ. अन्यको हकमा ५ अंक

**२. अनुभवको हकमा (बढीमा १० अंक)**

क. सरकारी क्षेत्रमा काम गरे वापत प्रति वर्ष २ अंकका दरले बढीमा १० अंक

ख. १ वर्ष भन्दा कम र सालवसाली रूपमा बढी हुन आउने महिनाको हकमा दामासाहीले अंक दिइनेछ।

**३. शैक्षिक योग्यता (बढीमा १० अंक)**

क. न्यूनतम शैक्षिक योग्यता वापत ७ अंक

- ९० प्रतिशत वा सोभन्दा बढी प्राप्त गरे वापत ७
- ७५ देखि ९० प्रतिशत भन्दा कम प्राप्त गरे ५
- ७० देखि ७५ प्रतिशत भन्दा कम प्राप्त गरे ३
- ६० प्रतिशत देखि ७० भन्दा कम प्राप्त गरे २
- ६० प्रतिशत भन्दा कम प्राप्त गरे १

ख. १ तह माथिको शैक्षिक योग्यता वापत थप ३ अंक

(३) सुचि प्रकाशन गर्दा उम्मेदवारले पेश गरेका कागजात रुजु गरी तोकिएको योग्यता पुगेका सम्पुर्ण आवेदकहरुलाई प्रयोगात्मक परीक्षामा संलग्न गराउनका लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) परीक्षार्थीको सूचि प्रकाशन पश्चात ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा सञ्चालन हुनेछ र उक्त परीक्षाको उत्तीर्ण अंक २० हुनेछ ।

(५) प्रयोगात्मक परीक्षामा सामेल भएका उम्मेदवारहरुको एकिकृत विवरण तयार गरी अन्तर्वार्ता परीक्षा सञ्चालनको प्रयोगात्मक परीक्षामा सहभागि परीक्षार्थीहरूको नाम नामेसी विवरण सहित नेपाली वर्णानुक्रममा अन्तर्वार्ताका लागि अन्तर्वार्ता हुनुभन्दा आधा घण्टा अगावै सूचना प्रकाशन गर्नुपर्नेछ र परीक्षार्थीलाई सोको जानकारी छिटो माध्यमद्वारा दिनुपर्नेछ ।

क. अन्तर्वार्तामा देहाय बमोजिम अंक निर्धारण गरिएको छ ।

**जम्मा पूर्णाङ्क २५**

- व्यक्तित्व वापत ५ अंक

- प्रस्तुति वापत ५ अंक
- विषयवस्तुको ज्ञान वापत १० अंक
- अनुशासन वापत ५ अंक

यसरी अंक प्रदान गर्दा बढीमा ७० प्रतिशत र कम्तीमा ४० प्रतिशत भन्दा कम अंक प्रदान गर्नुपरेमा कारण सहित उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद : २

**५. परीक्षा सञ्चालन समिति** (१) देहाय बमोजिमको एक परीक्षा सञ्चालन समिति रहने छ ।

**देहाय**

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. सम्बन्धित विषयको विषय विशेषज्ञ १ जना | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी १ जना | सदस्य |
| घ. प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ । यसरी परीक्षा सञ्चालनका लागि आवश्यक संख्यामा विज्ञलाई २४ घण्टा अगाडी मात्र पत्राचार गर्नुपर्नेछ ।

(२) प्रयोगात्मक परीक्षा सञ्चालनका लागि छुट्टै देहाय बमोजिमको समिति रहनेछ ।

देहायः

| | |
|---|---|
| क. नापी कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | संयोजक |
| ख. सम्बन्धित विषयको विषय विशेषज्ञ १ जना | सदस्य |
| ग. प्राविधिक शाखा प्रमुख वा निजले तोकेको व्यक्ति | सदस्य सचिव |

प्रयोगात्मक परीक्षा सञ्चालन समितले आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाको मापदण्ड तयार गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

(३) परीक्षा मिति तोक्नु भन्दा कम्तीमा सात दिन अगावै सम्पूर्ण परीक्षार्थीलाई छिटो माध्यामद्वारा जानकारी गराउनुका साथै सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । यसरी सार्वजनिक सूचना प्रकाशन गर्दा उम्मेदवारको सूची सहित परीक्षा सञ्चालन हुने मिति, समय र स्थान तोक्नु पर्ने ।

## <u>परिच्छेद : ३</u>

६. **<u>प्राप्ताङ्क एकीकृत गर्ने</u>** : (१) प्रयोगात्मक परीक्षामा परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई एकीकृत गरी प्रयोगात्मक परीक्षामा सहभागी उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गरिनेछ ।

७. **<u>अन्तिम नतिजा प्रकाशन</u>** : (१) प्रारम्भिक योग्यताक्रम कायम गर्दाको अंक, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता परीक्षामा प्राप्त गरेको कुल प्राप्ताङ्क समेतका आधारमा योग्यताक्रम निर्धारण गरी माग पदसंख्याका आधारमा माग पदको ३ गुणा बढी वैकल्पिक उम्मेदवारहरू रहने गरी ७ दिन भित्र नियुक्तिका लागि सम्पर्क गर्ने सम्बन्धी नामनामेसी सहितको विवरण सार्वजनिक गर्नुपर्नेछ।

८. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : (१) यसमा उल्लेख भएका बाहेक अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राज

**प्रमाणीकरण मितिः २०८२/०५/०३**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाउँपालिका स्थानीय राजपत्र